बैठक संख्या: १०/२०८१/०८२
बैठक मिति: २०८२/०१/२६
समय: बिहान ८:०० बजेदेखि
स्थान: सुनछहरी गाउँपालिका, बैठक कक्ष ।

सुनछहरी गाउँपालिका अध्यक्ष श्री धनबहादुर पुन मगर ज्यूको अध्यक्षतामा र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति बिबरण:

| क्र.स. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | धनबहादुर पुन मगर | अध्यक्ष | | |
| २. | ननकला घर्ती | उपाध्यक्ष | | |
| ३. | अमरजित पुनमगर | ६ नं वडाध्यक्ष | | प्रवक्ता |
| ४. | धनीमान रोका | १ नं. वडा अध्यक्ष | | |
| ५. | कृष्ण बहादुर बुढा | २ नं वडा अध्यक्ष | | |
| ६. | उड्बीर घर्तीमगर | ३ नं वडा अध्यक्ष | | |
| ७. | हर्कराम बुढामगर | ४ नं वडा अध्यक्ष | | |
| ८. | देविलाल रोका मगर | ५ नं वडा अध्यक्ष | | |
| ९. | राज बहादुर रोकामगर | ७ नं वडा अध्यक्ष | | |
| १०. | निरमला पुन | म. सदस्य | | |
| ११. | अनिषा विष्ट | म. सदस्य | | |
| १२. | वाना राना मगर | म. सदस्य | | |
| १३. | दिपा घर्ती मगर | म. सदस्य | | |
| १४. | मन बहादुर वि.क | द. सदस्य | | |
| १५. | पूर्ण गोतामे | द. सदस्य | | |
| १६. | प्रेम बहादुर घर्ती | सदस्य- सचिव | | |

अन्य उपस्थिति:

| क्र स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | दया बहादुर बुढा मगर | सहायक पाँचौ | | |
| २ | मनिस सुनार | लेखापाल | | |
| ३ | कुमारी पुन | का.स. | | |
| ४ | जमान पुन मगर | का.स. | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## दशौं कार्यपालिका बैठकका कार्यसूचीहरुः

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।

२. LISP आयोजनाहरुको ठेक्का लागि बाँकि बजेट कार्यान्वयन गर्न योजना छनौट सम्बन्धमा।

३. फार्म दर्ता सम्बन्धमा।

४. सर्वोच्च अदालतमा दायर मुद्दाको खर्च व्यवस्थापन सम्बन्धमा।

५. गाउँपालिकाको O & M अन्तिम प्रतिवेदन २०८२ स्वीकृत सम्बन्धमा।

६. गाउँपालिकाको रोजगार रणनीति २०८२ को अन्तिम प्रतिवेदन स्वीकृत सम्बन्धमा।

७. गाउँपालिकाको सड्क गुरुयोजना २०८२ र भवन निर्माण तथा नियमन मापदण्ड २०८२ स्वीकृत सम्बन्धमा।

८. विश्व वातावरण दिवस सम्बन्धमा।

९. नवपवर्तन साझेदारी कार्यक्रमको पूर्ण प्रस्ताव पेश गर्ने सम्बन्धमा।

१०. विविध सम्बन्धमा।

सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्णयहरुः

| निर्णय क्रम संख्या | निर्णयको व्यहोरा | निर्णय कार्यन्वयनमा जिम्मेवार शाखा/ निकाय/पक्षहरु | कै. |
|---|---|---|---|
| १ | मिति २०८१।१२।२९ गते ९ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यन्वयनको अवस्थामा समीक्षा गरियो | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) र सुनछहरी गाउँपालिकाको साझेदारी बोलपत्र आव्हान भइ रहन गएको बाँकि बजेट देहायबमोजिमका योजनाहरु छनौट गरी कार्यान्वयन गर्नेः<br>क. मुइकाधारा-भुलुङ्चुङ् बासा सड्क पुनःस्थापना आयोजना रु. ८ लाख<br>ख. बाछेमधारा झंकि सड्क पुनःस्थापना आयोजना रु. ८ लाख<br>ग. टंसलकुना बामरी सड्क पुनःस्थापना आयोजना रु. ८ लाख<br>घ. फगामा हाम्वाङ्ग सड्क पुनःस्थापना आयोजना रु. ८ लाख<br>ङ. पोवाङ्ग ५ शैया अस्पताल जाने सड्क पुनःस्थापना आयोजना रु. ८ लाख<br>च. पोवाङ बजारदेखि अस्पताल जाने गोरेटो रु. ९२ हजार ४०५<br>उल्लेखित आयोजनाहरुमा LISP को तर्फबाट ८० प्रतिशत र गाउँपालिकाको तर्फबाट न्यूनतम २० प्रतिशत साझेदारी रहेको छ। | योजना शाखा | |
| ३ | बेथानचोक गाउँपालिका काभ्रेपलान्चोक मा दर्ता भएको कस्तुरी कन्स्टक्सनले यस गाउँपालिकामा दर्ताका लागि पेश भएकोमा संलग्न कागजातको आधारमा दर्ता गरिदिने। | प्रशासन शाखा | |
| ४ | मिति २०८१ फागुन १ गते सुनछहरी गाउँपालिकामा प्रथम सुनछहरी कप अन्तर्गत विभिन्न खेलकुद कार्यक्रम संचालन गरी खेल महोत्सवका रुपमा मनाइ उक्त दिन सार्वजनिक विदा दिएकोमा जनयुद्ध दिवसको विदा दिएको भनि अदालतको मानहानी भयो भनेर सम्मानित सर्वोच्च अदालतमा मुद्धा दायर भएकोमा उक्त मुद्धाको बहसका लागि लाग्ने सम्पूर्ण खर्च बिल भरपाइका आधारमा भुक्तानी गर्न सम्झौता गरी कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने। | प्रमुख प्रशासकीय अधिकृत /आर्थिक प्रशासन शाखा | |
| ५ | सुनछहरी गाउँपालिका र इन्भारोमेन्टल कन्जरभेसन एण्ड सस्टेनेबल डेभलपमेन्ट प्रा. लि. तुलसीपुर दाङ्गबिच गाउँपालिकाको संगठन व्यवस्थापन तथा सर्वेक्षण (O & M) गर्न सम्झौता भइ कार्यसम्पन्न भएर अन्तिम प्रतिवेदन उपर छलफल समेत भइसकेकोले यस गाउँपालिकाको संगठन व्यवस्थापन तथा सर्वेक्षण (O & M) को अन्तिम प्रतिवेदन स्वीकृत गरी कार्यान्वयनका लागि अन्य प्रक्रियाहरु अगाडी बढाउने। | प्रशासन शाखा | |
| ६ | सुनछहरी गाउँपालिका र निश्कर्ष रिसर्च सेन्टर प्रा. लि. काठमाण्डौं बिच गाउँपालिकाको रोजगार रणनीति तर्जुमा गर्न सम्झौता भइ कार्यसम्पन्न भएर अन्तिम प्रतिवेदन उपर छलफल समेत भइसकेकोले यस गाउँपालिकाको रोजगार रणनीति २०८२ को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने। | रोजगार सेवा केन्द्र | |
| ७ | सुनछहरी गाउँपालिका र शुभबिहानी इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. घोराही दाङ् बिच गाउँपालिकाको सड्क गुरुयोजना २०८२ र भवन निर्माण तथा नियमन मापदण्ड २०८२ बनाउनको लागि सम्झौता भएकोमा कार्यसम्पन्न भइ छलफल समेत भइसकेकोले सड्क गुरुयोजना र भवन निर्माण तथा नियमन सम्बन्धी स्वीकृत | पूर्वाधार विकास तथा नियमन शाखा | |

| | | | |
|---|---|---|---|
| | गर्ने। | | |
| ८ | विश्व वातावरण दिवस २०२५ जुन ५ अर्थात जेठ २२ गते सबै वडा तथा मातहतका शाखा तथा कार्यालय मा भव्यताका साथ मनाउने। | कार्यपालिका | |
| ९ | स्थानीय तहमा नवप्रवर्तन साझेदारी कार्यक्रमको अवधारणापत्र पेश गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेशको मिति २०८१ फागुन २९ गते प्रकाशित सूचना बमोजिम "सुनछहरी गाउँपालिकाको सेवाप्रवाह तथा सुशासन क्षेत्रको सुधार परियोजना कार्यक्रम" शिर्षकमा गाउँपालिकाको तर्फबाट नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ बमोजिम ३० प्रतिशत साझेदारी प्रतिबद्धता गर्दै प्रस्तावना पेश गरेकोमा छनौट भइ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेशको मिति २०८२ वैशाख १३ गते प्रकाशित सूचना बमोजिम पूर्ण प्रस्ताव पेश गर्न आव्हान भएकोमा देहायबमोजिम प्रस्तावना पेश गर्ने।<br>कुल बजेट: रु २ करोड<br>गाउँपालिका तर्फबाट: रु ६० लाख<br>नवप्रवर्तन कोष तर्फबाट:रु १करोड ४० लाख<br>कार्यान्वयन अवधि: २ वर्ष (आ.व. २०८२/८३ र आ.व. २०८३/८४)। | योजना /सूचना प्रविधि शाखा शाखा | |
| १० | विविध सम्बन्धमा देहायको निर्णय गरियो | | |
| क. | सामुदायिक एकाइ केन्द्र झेलुगुङ् का अनमी पदको लागि को विज्ञापन गर्ने। | स्वास्थ्य शाखा | |
| ख. | लुम्बिनी प्रदेश सरकारको आर्थिक सहयोगमा बनेको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना २०२५-२०३५ (वास प्लान) स्वीकृत गरी कार्यान्वयन गर्ने। | योजना शाखा | |

सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३